# स्थानीय राजपत्र

**पाख्रीबास नगरपालिका द्वारा प्रकाशित**

**वर्ष- ४, सङ्ख्या-२०**

**भाग-१**

## पाखीबास नगर शिक्षा ऐन, २०७७ (दोस्रो संशोधन), २०७८

**सभाबाट पारित मिति :- २०७८/१०/१४**
**प्रमाणीकरण मिति :- २०७८/१०/१४**

**पाखीबास नगर शिक्षा ऐन २०७७, (दोस्रो संशोधन), २०७८**

पाखीबास नगर शिक्षा ऐन, २०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकाले पाखीबास नगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम पाखीबास नगर शिक्षा ऐन, २०७७ (दोस्रो संसोधन) २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. पाखीबास शिक्षा ऐन, २०७७ को दफा २६ मा संशोधनः पाखीबास नगर शिक्षा ऐन २०७७ (यस पछि मूल ऐन भनिएको) को दफा २६ को सट्टा देहायको दफा राखिएको छ ।

३. “२६” शिक्षक तथा कर्मचारी छनोट समिति ।

४. मूल ऐनको दफा २६ को उपदफा (१) को सट्टा देहाय वमोजिमको उपदफा राखिएको छ ।

”(१)” सामुदायिक विद्यालयहरुको रिक्त दरबन्दिमा शिक्षक तथा कर्मचारी करारमा नियुक्ति गर्ने प्रयोजनका लागि विद्यालयमा एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ।

**आज्ञाले**
डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव